तादी गाउँपालिका

# स्थानीय राजपत्र

| खण्ड : ७ | संख्या : १ | मिति : २०८२/०२/३० |
| --- | --- | --- |

भाग – २

**तादी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**खरानीटार, नुवाकोट**

वागमती प्रदेश, नेपाल

## तादी गाउँपालिकाको खेलकुद सञ्चालन तथा व्यवस्थापन खर्च निर्देशिका, २०८२

<u>प्रस्तावना</u>:

तादी गाउँपालिकाभित्र खेलकुद सम्बन्धी विविध गतिविधिलाई सञ्चालन, रेखदेख, व्यवस्थापन, खेलकुद सम्बन्धी पूर्वाधार निर्माण, खेलकुद मार्फत स्वास्थ्य जीवन एवम् मनोरञ्जन प्रदान गर्ने, खेलाडीहरूको व्यवसायिक हकहित संरक्षण गर्ने र खेलको माध्यमवाट तादी गाउँपालिकलाई पहिचान दिने मुख्य ध्येयका साथ खेलकुदको कार्य प्रकृतिका आधारमा रेफ्री, सहायक रेफ्री, स्वयम् सेवक, प्राविधिक, कार्यक्रम संयोजक, खेलाडीको यातायात खर्च लगायतका विभिन्न कार्यमा खर्च

भुक्तानी गर्नुपर्दा निश्चित नर्म्स कायम गरेर खर्च प्रकृयालाई व्यवस्थित गर्न वाञ्छनीय रहेको हुँदा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ ले दिए अधिकार प्रयोग गरी यो निर्देशिका कार्यपालिकाको बैठकबाट पारित गरि जारी गरिएको छ ।

## परिच्छेद–१ प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भः

क) यो निर्देशिकाको नाम तादी गाउँपालिकाको खेलकुद सञ्चालन तथा व्यवस्थापन खर्च निर्देशिका २०८२ रहने छ ।

ख) यो निर्देशिका प्रमाणिकरण भएको मिति देखि प्रारम्भ हुने छ ।

२.उद्देश्य– यो निर्देशिकाको उद्देश्य देहाय अनुसार हुनेछः

क) तादी गाउँपालिकामा खेलकूद सञ्चालन गर्ने खेलकुदमा खेल सम्बन्धी जिम्मेवारी प्रदान गरिएका रेफ्री, सहायक रेफ्री, एम्पायर, लायन्समेन, खेलाडी लगायतको लागि भत्ता, खाजा खाना लगायतका खर्च व्यवस्थित गर्न र खर्च गर्दा पारदर्शिता एवम् एकरुपता प्रदान गर्ने,

ख) गाउँपालिका स्तरीय खेलकुद समिति सञ्चालन गर्ने कार्यमा प्राविधिक जनशक्तिको पारिश्रमिक निर्धारण गर्ने,

## परिच्छेद–२ पारिश्रमिक सम्बन्धी व्यवस्था

गाउँपालिकाले सञ्चालन गर्ने खेलकुदको प्राविधिक जनशक्तिको पारिश्रमिकको व्यवस्था गर्ने सम्बन्धमा,

क) मुख्य रेफ्रीको पारिश्रमिकः

तादी गाउँपालिकाबाट खेलकुद प्रतियोगिता सञ्चालन गर्दा राष्ट्रिय एवम् प्रादेशिक, जिल्लास्तरमा कम्तिमा १० वर्ष सम्बन्धित खेलमा अनुभव प्राप्त गरेका रोष्टर सूचिका खेलाडीलाई रेफ्री मनोनयन गरिने छ । मनोनित मुख्य रेफ्रीले प्रतिदिन रु.३,०००।– पारिश्रमिक वापतमा र खाना, खाजा,आवास र यातायात खर्च वापत रु.९००।– प्रदान गर्न सकिनेछ ।

ख) सहायक रेफ्रीको पारिश्रमिकः–

खेलको प्रकृति र नियम अनुसार सहायक रेफ्रीमा सुचीकृत रोष्टरबाट नै मनोनित गरिने छ । निजलाई प्रतिदिन रु.२०००।– पारिश्रमिक र खाना, खाजा,आवास र यातायात खर्च वापत रु.९००।– प्रदान गर्न सकिनेछ ।

ग) लाइन्समेनको पारिश्रमिकः–

(१) भलिवल, फुटवल, व्याडमेन्टन,कराते,तेक्वान्दो,उसु,टेवल टेनिस,बक्सिङ लगायतका खेलमा मुख्य रेफ्रीलाई सहयोग गर्नका लागि लाईन्समेनको नियुक्ति गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्तिलाई समेत दैनिक रु.१०००।– पारिश्रमिक वापत र खाना, खाजा,आवास र यातायात खर्च वापत रु.९००।– प्रदान गर्न सकिनेछ ।

घ) स्वयम् सेवकको पारिश्रमिकः–

खेलकूद सञ्चालन गर्दा पानी, खाजा, खेल सामाग्री तथा खाजा, पानी वापतका सहयोग गर्नका लागि खेलको प्रकृति र आवश्यकता अनुसार स्वयम्सेवक खटाउँदा यातायात, खाना खाजा वापत प्रतिदिन प्रति व्यक्ति रु.१०००।– का दरले प्रदान गर्न सकिनेछ ।

ङ) कोच, प्राविधिक सहयोगी, प्रशिक्षक र संयोजकको पारिश्रमिकः–

गाउँपालिकाको प्रतिनिधित्व हुने गरी विभिन्न खेलकूदमा भाग लिन जादाँ खेलाडीलाई पूर्व तयारी गराउन तादी गाउँपालिका स्तरीय खेलकुद समितिको निर्णय अनुसार खटाइएका कोच, प्रशिक्षक र व्यवस्थापक लगायतका प्राविधिक जनशक्तिलाई खेलको प्रकृति अनुसार वढीमा १५ दिन सम्मको लागि प्रतिदिन रु.३०००।– पारिश्रमिक वापत र खाना, खाजा, आवास र यातायात खर्च वापत रु.७००।– प्रदान गर्न सकिनेछ ।

च) खेलाडीको दैनिक भ्रमण भत्ता सम्बन्धी सुविधाः–

तादी गाउँपालिकाको प्रतिनिधित्व हुने गरी गाउँ शिक्षा समितिको निर्णय अनुसार गाउँपालिका स्तरीय खेलकुद समिति मार्फत विभिन्न पालिकास्तरीय, जिल्ला स्तरीय, प्रदेश एवम् राष्ट्रिय स्तरका खेलमा सहभागी हुने खेलाडीहरूलाई आउँदा, जाँदा एक पटकमा वढीमा ७ दिन सम्म दैनिक रु.१५००।– का दरले दैनिक भ्रमण भत्ता खर्च वापत पाउने छ । प्रशिक्षक, खेलाडीलाई खेलकुद ड्रेस वापत वढिमा रु.२०००।– सम्म प्रति व्यक्ति खर्च गर्न सकिने छ ।

छ) रकम भूक्तानी सम्बन्धमाः

तादी गाउँपालिकाको प्रतिनिधित्व हुने गरी पालिका स्तरीय खेलकुद समिति मार्फत विभिन्न पालिकास्तरीय, जिल्ला स्तरीय, प्रदेश एवम् राष्ट्रिय स्तरका खेलमा सहभागीता व्यवस्थापन तथा यसै गाउँपालिकाले सञ्चालन तथा व्यवस्थापन गर्ने खेलहरूको सम्पूर्ण खर्च रकमको भुक्तानी व्यवस्थापन गर्ने जिम्मेवारी गाउँ शिक्षा समितिको निर्णय अनुसार तोकिएको संयोजक वा खेलाडी वा पदाधिकारीको हुनेछ ।

ज) बैंक मार्फत भुक्तानीः

खेलकुद सम्बन्धी कार्यक्रममा संलग्न प्रशिक्षक र खेलाडी तथा अन्य खेलकुदमा संलग्न पदाधिकारीले यसै निर्देशिका बमोजिम पाउने सुविधा सम्भव भएसम्म निजको बैंक खाता मार्फत भुक्तानी गरिनेछ।

## परिच्छेद–३ सदस्य सचिवको सुविधा सम्बन्धी व्यवस्था

क) सदस्य सचिवको सुविधाः

पालिकास्तरीय, जिल्ला स्तरीय, प्रदेश एवम् राष्ट्रिय स्तरका खेलमा सहभागीता व्यवस्थापन तथा यसै गाउँपालिकामा सञ्चालन तथा व्यवस्थापन हुने विभिन्न खेलकुद प्रतियोगिताहरूको सञ्चालन तथा व्यवस्थापनमा समन्वय तथा सहजकर्ताको भूमिकामा रहने सदस्य सचिव

तथा एक जना सहयोगी कर्मचारीलाई खेल अवधिभर नियमानुसारको दैनिक भ्रमण भत्ताको दरले हुन आउने रकम अतिरिक्त सुविधा वापत उपलब्ध गराइनेछ ।

**परिच्छेद–४ विविध**

क) यस निर्देशिका कार्यान्वयन गर्दा आर्थिक दायित्व पर्ने गरी हुने निर्णय गर्नु पूर्व तादी गाउँ कार्यपालिकाको स्विकृती लिनु पर्नेछ ।

ख) गाउँपालिकाले आयोजना गर्ने खेलकुद कार्यक्रममा आवश्यक पर्ने स्वास्थ्य कर्मचारी तथा प्राथमिक उपचारको आवश्यक सामग्रीको व्यवस्थापन गाउँपालिकाको स्वास्थ्य शाखा मार्फत गरिनेछ ।

ग) जिल्ला भित्रको खेलकुद प्रतियोगितामा यस गाउँपालिकाको प्रतिनिधित्व गर्ने खेल टिमको लागि सहभागी हुने दिन तथा कार्यक्रम समाप्त हुने दिनका लगि मात्र परिच्छेद २ बमोजिमको सुविधा उपलब्ध हुनेछ । जिल्ला बाहिर सञ्चालन भएको खेलमा भने बाटोको म्याद समेत गणना गरिनेछ ।

घ) यस अघि चालु आर्थिक वर्ष (आ.व. २०८१/०८२) मा खेलकुद प्रतियोगिता सञ्चालन भई भुक्तानीको प्रक्रियामा रहेका खेल सम्बन्धी कार्यक्रमहरूको यसै निर्देशिका बमोजिम भुक्तानी गरिनेछ ।

ङ) गाउँपालिकाको आयोजनामा हुने खेलसम्बन्धी विभिन्न प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन गर्दा हुने खर्च गाउँ शिक्षा समितिको सिफारिसमा प्रचलित नियमानुसार गाउँ कार्यपालिकाको निर्णय अनुसार हुनेछ

च) यस निर्देशिकाको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा सो को वाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकामा रहनेछ ।

आज्ञाले

ध्रुव खनाल

प्रमुख प्रशासकीय अधिकृत